# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ (संख्या ३) जेष्ठ २० गते २०८१ साल


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

भाग-२

## गैरसरकारी संस्था समन्वय, सहकार्य, परिचालन तथा अनुगमन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१

कार्यपालिकावाट स्वीकृत मिति :२०८१/०१/१६

**प्रस्तावना :**

**चामुण्डा विन्द्रासैनी नगरपालिकाको गैरसरकारी संस्था समन्वय, सहकार्य, परिचालन तथा अनुगमन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८० (यस पछि मुल मुल कार्यविधि भनिएको) मा आवश्यक संशोधन गर्न बाञ्छनीय भएकोले,**

**चामुण्डाविन्द्रासैनी नगरपालिकाको मिति २०८१ साल बैशाख १६ गतेको नगर कार्यपालिका बैठकले गैरसरकारी संस्था समन्वय, सहकार्य, परिचालन तथा अनुगमन सम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०८१बनाएको छ ।**

**१. <u>संक्षिप्त नाम, प्रारम्भ र क्षेत्र :</u>** (१) यस कार्यविधिको नाम गैरसरकारी संस्था समन्वय, सहकार्य, परिचालन तथा अनुगमन सम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०८१ रहेको छ ।

(२) यो संशोधित कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

**"२. मुल कार्यविधिको दफा १० (३) पूर्ण रुपमा हटाइ देहाय बमोजिम संशोधन गरिएको छ ।**

**"गैर सरकारी संघ संस्था साग आवश्यक समन्वय र सहजिकरण गर्न नगर प्रमुखले समन्वय समितिलाई आवश्यक मार्गदर्शनको कार्य गर्नेछ र समन्वय समितिलाई आवश्यक सहजिकरणका लागि नगर प्रमुखले सम्बन्धित क्षेत्रमा ज्ञान भएको एक जना फोकल पर्सन तोक्नु पर्नेछ र त्यस्तो फोकल पर्सनको जिम्मेवारी नगरकार्यपालिका अन्तर्गत कार्यरत कर्मचारी वा नगरपालिकाको मातहत रहेका अन्य कार्यलयमा कार्यरत कर्मचारीहरुलाई जिम्मेवारी तोक्न सक्नेछ र सो क्षेत्रमा काम गर्ने गरि जिम्मेवारी तोकिएको कर्मचारीलाई नगरपालिकाले प्रोत्साहन वापत बढिमा रु. २०,०००।- मा नबढ्ने गरि थप प्रोत्साहन भत्ता उपलब्ध गराउन**





**सक्नेछ ।"**

**आज्ञाले**

**भक्त बहादुर मल्ल**

**प्रमुख प्रशासकीय अधिकृत**